**बेलबारी साना सहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था**
**बेलबारी न.पा. ३, मोरङ**
**जग्गा खरिद सम्बन्धि शिलबन्दी बोलपत्र आव्हानको सूचना**
**(प्रकाशित मिति- २०८१/११/१५ गते)**

यस संस्थाको आयोजना विस्तारका लागि बेलबारी न.पा. ४ मा खानेपानी संरचना निर्माण गर्ने प्रयोजनका लागि तपसिल बमोजिमको स्थान र परिमाणको जग्गा बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले सूचनामा तोकिए बमोजिमको स्थान भित्र पर्ने सम्बन्धीत जग्गाधनीहरुबाट देहायका शर्तहरुको अधिनमा रहि रितपूर्वक शिलबन्दी बोलपत्र संस्थाको कार्यालय बेलबारी न.पा. ३ मा यो सुचना प्रकाशित मितिले १५ दिन (मिति २०८१/११/२९ गते) भित्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिन्छ।

१. जग्गाको क्षेत्रफल :
- कम्तीमा ३ कठ्ठासम्मको क्षेत्रफलको जग्गा ।

२. आवश्यक जग्गाको विवरण :
- बेलबारी नगरपालिका वडा न. ४ मोरङ उत्तरमा राष्ट्रिय लोकमार्ग, दक्षिणमा वडा न. ४ को कार्यालय, पूर्वमा चिसांग भांगबारी खोला, पश्चिममा बेतना खोलाको क्षेत्रभित्र जग्गा हुनु पर्ने छ ।
- कुनै मुद्दा मामिला, खर खिचोला नभएको जग्गा र सडक विस्तार योजनामा नपरेको हुनु पर्ने पर्नेछ ।
- जग्गा सामान्य प्रकृति र बाटोले छोएको हुनु पर्दछ; गहिराई तथा डुबानमा पर्न सक्ने जग्गा, प्रविधिक नापजाचं गर्दा उपयुक्त नभएको जग्गालाई मुल्यांकनकर्ताले अमान्य गर्न सक्नेछ ।
- एल्टीमिटरको नाप अनुसारको समुन्द्री सतह देखि जग्गाको बढी उचाईलाई प्राथमिकता दिईने छ ।

३. बोलपत्र फाराम दस्तुर रु. १,००० (एक हजार फिर्ता नहुने गरी) तिरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०८१/११/२९ गते) दिनको १२:०० बजेसम्म यस संस्थाबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

४. बोलपत्र फाराम खरिद गर्दा निबेदन साथ नागरिकता प्रमाणपत्रको प्रतिलिपि, जग्गाधनि प्रमाण पुर्जाको प्रतिलिपि हुनु पर्नेछ ।

५. सूचना प्रकासित भएको मितिले १५औं दिन (मिति २०८१/११/२९) दिनको १:०० बजेसम्म बोलपत्र दाखिला गर्नु पर्नेछ । दाखिला भएको बोलपत्र सोही दिन दिनको २:०० बजे संस्थाका संचालक समिति, जग्गा खरिद उप-समिति, जनप्रतिनिधिहरु, बोलपत्रदाता वा निजका प्रर्तिनिधीहरुको रोहबरमा बोलपत्र खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्ने वाधा पर्ने छैन ।

६. एक अर्का संग जोडिएको अलग अलग व्यक्तिको जग्गा भएमा संयुक्त बोलपत्र पेश गर्न सकिने छ । तर कागजातहरु सबै जग्गाधनीहरुको नै संलग्न गर्नु पर्नेछ ।

७. जग्गा पास रजिष्ट्रेशन दस्तुर बाहेकका अन्य कर तथा राजश्वहरु जग्गाधनी स्वयमले ब्यहोर्नु पर्नेछ ।

८. बोलपत्रदाताले जग्गाको मूल्य प्रति कठ्ठा अंक र अक्षर दुबैमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको दररेट फरक परेमा अक्षरलाई मान्यता दिइनेछ र उक्त मूल्य ६ महिनाका लागि मान्य रहने छ ।

९. संस्थाले भुक्तानी गर्नु पर्ने जग्गाको रकम जग्गा संस्थाको नाममा रजिष्ट्रेशन पास भए पछि मात्र क्रमागत भुक्तानी दिईनेछ ।

१०. प्रस्तावित जग्गाहरुको स्थलगत निरीक्षण गरी बढी क्षेत्रफलको वा घटी क्षेत्रफलको वा बढी मुल्यको वा घटी मुल्यको जग्गा खरिद गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस संस्थामा सुरक्षित रहने छ ।

११. बोलपत्र बिक्रि गर्ने अन्तिम दिन तथा बोलपत्र दाखिला गर्ने र खोल्ने दिन सार्बजनिक बिदा पर्न गएमा उक्त कार्यहरु सोको भोलिपल्ट हुनेछ ।

१२. बोलपत्र सम्बन्धि कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र संस्थामा सम्पर्क राखी बुझ्न सकिनेछ ।

१३. एक जनाको नाममा बिक्रि भएको बोलपत्र अर्को व्यक्तिको नाममा बोलपत्र दाखिला गर्न पाइने छैन । यसो गरेको अवस्थामा दाखिला भएको बोलपत्र माथि कुनै कारबाही गरिने छैन । साथै रीत नपुगेको, म्याद नाघी आएको तथा सुचनाको शर्त बिपरित भएको बोलपत्र माथि पनि कारबाही हुने छैन ।

१४. बोलपत्र पेश गर्दा बोलपत्र साथ देहाय बमोजिम कागजात संलग्न गर्नु पर्नेछ ।
- जग्गाधनीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- जग्गाधनीको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि ।
- हालसालै प्रमाणित वडा नक्सा तथा कित्ता नम्बर सहित देखिने वडा नक्शाको सक्कलै प्रति ।
- आ.ब. २०८१/०८२ को जग्गाको कर (मालपोत) तिरेको रसिदको प्रतिलिपि ।
- संस्थागत जग्गाको हकमा जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि र अख्तियारी प्राप्त ब्यक्तिको पहिचान तथा अख्तियारीनामाको कागज ।
- धितो बन्दक रहेको जग्गा भएमा सम्बन्धित संघसंस्था, कार्यालय, व्यक्तिको प्रमाणित मन्जुरीनामा पेश गर्नुपर्ने छ ।
- सडकको पहुँच भएको/नभएको जग्गा सम्म पुग्नका लागि हाल बाटोको पहुँच नभएको अवस्थामा समेत जग्गा सम्म पुग्ने बाटो दिने प्रतिबद्धता पत्र जग्गाधनीले पेश गर्नु पर्ने छ । जग्गा पास गर्ने समय सम्ममा जग्गा धनीले बाटोको निकास दिईसकेको हुनु पर्ने छ ।

१५. यस सूचनामा लेखिएका कुराहरु यसै बमोजिम र अन्य कुराका हकमा प्रचलित नेपाल कानुन अनुसार हुनेछ ।

**जग्गा खरिद उप-समिति**
**बेलबारी साना सहरी खानेपानी तथा स.उ.स.**